**भागेश्वर गाउपालिका**
**गाउं कार्यपालिकाको कार्यालय**
**डडेल्धुरा**

**७ न. प्रदेश नेपाल**

प.स. : २०७४।७५
च.न.

**मितिः २०७५।२।२**

## विषय :- सिलवन्दी दरभाउपत्र आह्वान गरीएको सूचना ।

प्रथम पटक सूचना प्रकाशित मिति : २०७५/२/२

यस गाउं कार्यपालिकको कार्यालयलाई आवश्यक पर्ने तपसिल वमोजिमको समानहरु आपुर्ति गर्नुपर्ने भएको हुंदा इच्छुक उत्पादन कम्पनी तथा अधिकृत विक्रेता/सप्लायर्स फर्महरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलवन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१.गत आ.व. मा नविकरण सहितको इजाजत-पत्र, करचुक्ता प्रमाणपत्र, अधिकृत विक्रेता प्रमाण, आयकर/मु.अ.करमा दर्ता प्रमाणपत्र र गुणस्तर चिन्ह(ISO) प्राप्त प्रमाणहरुको प्रतिलिपी संलग्न राखी छुटा - छुट्टै निवेदन दिई दस्तुर रु. १०००।-(एक हजार रुपैयां) पछि फिर्ता नहुने गरी बुझाई यस कार्यालयवाट दरभाउपत्र खरिद गर्न सकिनेछ । साथै निवेदन दस्तुर यस गाउं कार्यपालिकको रा.वा.वैक डडेल्धुरा शाखामा रहेको संचित कोष खाता नं.४०२०३०४०१८१०५ मा जम्मा गरेको सक्कल भौचर सहित लिखित निवेदन पत्र साथ पेस गरी दरभाउ पत्र खरिद गर्न सकिने छ ।

२. यो सूचना अमरगढी एक्सप्रेस र अनुमोदन राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले ७ (सात) औं दिन सम्ममा कार्यालय समय भित्र दरभाउपत्र फाराम खरिद गरी ८ औं दिनको १२ बजे भित्र यसकार्यालयमा दाखिला गरिसक्नु पर्नेछ । सोदिन सार्वजनिक विदा परेमा सम्पूर्ण कार्यहरु सोको भोलिपल्ट साविक समयमै पेश गर्नु पर्नेछ ।

३. सिलबन्दी दरभाउपत्र फाराम पेश गर्दा दरभाउ पत्रदाताको ग्राह्यता सम्वन्धि आधार प्रमाणित गर्ने सम्पुर्ण कागजातहरुको प्रमाणित प्रतिलिपी समेत अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

४. सिलवन्दी दरभाउपत्र फाराम राखिएको खाम बाहिर कार्यालयको नाम सप्लाई गरिने सामानको सुचना नं. र आपुर्ति सम्वन्धि दरभाउपत्र नाम उल्लेख गरी सिलबन्दी गरिएको हुनुपर्ने छ ।

५. सिलबन्दी दरभाउपत्र सम्वन्धी कागजात ( BID document ) यस गा.पा.को इमेल bhageshwormun@gmail.com मार्फत समेत खरिद गर्न सकिने छ । सो को लागी यस गाउं कार्यपालिकको रा.वा.वैक डडेल्धुरा शाखामा रहेको संचित कोष खाता नं.४०२०३०४०१८१०५ मा निवेदन दस्तुर रु १०००। जम्मा गरेको सक्कलै भौचर साथै अन्य आवश्यक कागजात पेस गर्नुपर्ने छ ।

६.यसरी दर्ता हुन आएका दरभाउपत्र ८ औं दिनको २:०० बजे कार्यालयको प्रतिनिधिहरु र दरभाउपत्रदाताहरुको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाताहरु अनुपस्थित रहेमा पनि कार्यालय दरभाउपत्र खोल्न वाधा पर्ने छैन । उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिन सोही समयमा दरभाउ पत्र खोलिने छ ।

७. सिलवन्दी दरभाउपत्र पेश गर्नेले धरौटी रकम वाफत यस कार्यालयको नाममा रा.बा. बैंक डडेल्धुरा शाखामा रहेको धरौटी खाता न ४०२०३०३००७१०५ मा नाम उल्लेख गरी दाखिला गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल सरकारबाट मान्यता प्राप्त वैंकबाट ७५ दिनको मान्य अवधि रहने गरी जारी भएको बैंक जमानत ( बैंक ग्यारेण्टी) पेश गर्नुपर्नेछ ।

८.सिलवन्दी दरभाउपत्र स्वीकृत भएपछी स्वीकृत दरभाउपत्रदाताले खरीद सम्झौता गर्दा कबोल गरेको अंकको सार्वनिक खरिद नियमावली , २०६४ को नियम ११० बमोजिम हुने गरी धरौटी रकम वा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त बैंकले जारी गरेको कार्य सम्पादन जमानत पेश गरी दरभाउपत्र स्वीकृत भएको ७ (सात) दिन भित्र सम्झौताको लागि कार्यालयमा उपस्थित हुनुपर्नेछ ।

९. सिलवन्दी दरभाउपत्रमा उल्लेखित परिमाणको सामग्री आपुर्ति गर्ने प्रयोजनार्थ गाउं कार्यपालिकाको कार्यालय वगरकोट डडेल्धुरा सम्म ढुवानी गर्नुपर्नेछ ।

१०. कबोल रकम उल्लेख गर्दा तोकिए बमोजिम लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । सिलवन्दी दरभाउपत्र पेश गर्दा अंक वा अक्षरमा नलेखि ( BID document) नभरेको पेश भै आएमा स्वत: रद्द हुनेछ ।

११. कुनै शर्त राखी पेश गरिएको सिलवन्दी दरभाउपत्र स्वीकार गर्ने वा नगर्ने सम्पुर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ । साथै दरभाउ पत्र स्विकृत भए पश्चात पनि कार्यालयले आवश्यक सामग्री पुर्ण वा आंशिक रुपमा थपघट गर्न सक्ने छ ।

१२. सूचनाको सर्त विपरित भएको , कार्यालयबाट उपलब्ध गराएको दरभाउपत्र फाराममा कुनै थपघट गरिएको ,रीत नपुगेको ,म्याद नाघी पेश हुन आएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन । सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली , २०६४ बमोजिम हुनेछ ।

१३. सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्यको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली , २०६४ बमोजिम हुनेछ । आवश्यक परेमा आर्थिकप्रशासन शाखा को मो.न.९८५८७३७००२ मा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

१४.सिलवन्दी दरभाउ सम्वन्धी थप जानकारी आवश्यक परेमा आर्थिकप्रशासन शाखा को मो.न.९८५८७३७००२ मा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ । स्पेशिफिकेशन सम्बन्धि विवरण विड डकुमेन्टमा संलग्न राखिनेछ ।

१५.खरिद गरिने सामग्रीहरुको आपुर्तिको प्राविधिक स्पेशिफिकेशन सम्बन्धि विवरण विड डकुमेन्टमा संलग्न राखिनेछ ।

१६. उल्लेखित सूचनामा आवश्यक कुराहरु संशोधन गर्नुपर्ने भएमा कार्यालयको Web side www.bhageshwormun.gov.np मा सूचना प्रकाशित गरिनेछ ।

**आपुर्ति गर्नुपर्ने सामान**

| दरभाउपत्र नं. | कामको विवरण | मू.अ.क. बाहेक ढुवानी समेत ल.ई. रकम रु. | धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १२।०७४।७५ | बिभिन्न साइजका पोलिथिन पाइप खरिद | १०१५७१८।- | २५३९३ ।- | |
| १३।०७४।०७५ | कर्कटपाता खरिद | २६५४८५।- | ६६३५।- | |
| १४/०७४/०७५ | सिलाई मेसिन (फिटिङ समेत ) खरिद | १७६९९०।- | ४४२५।- | |
| १५/०७४/०७५ | अल्ट्रासाउन्ड मेसिन तथा प्रिन्टर खरिद | ५३०९७०।- | १३२७५।- | |
| १६/०७४/०७५ | सोलार सेट खरिद | १०६१९४५।- | २६५५०।- | |
| १७/०७४/०७५ | सिलपोलिन प्लास्टिक खरिद | ५३०९७०।- | १३२७५।- | |
| १८/०७४/०७५ | गिरिराज जातको कुखुरा चल्ला खरिद | ६३००००। | १५७५०।- | |

**प्रमुख प्रशासकीय अधिकृत**

Scanned by CamScanner